**<u>प्रस्तावहरुः</u>**

२०७९।०८०-०४।०१ अघिल्लो कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयन समिक्षा सम्बन्धमा ।

२०७९।०८०-०४।०२ स्थानीय सेवामा कार्यरत कर्मचारीहरुको तहवृद्धि तथा तहमिलान गर्ने सम्बन्धमा।

२०७९।०८०-०४।०३ रूपा गाउँपालिका कास्कीको अपाङ्गता भएका व्यक्तिहरुको परिचयपत्र वितरण गर्ने कार्यविधि, २०७९ स्विकृत गर्ने सम्बन्धमा।

२०७९।०८०-०४।०४ रूपा गाउँपालिकाको सूचना वर्गिकरण गर्ने सम्बन्धमा ।

२०७९।०८०-०४।०५ आर्थिक बर्ष २०७९।०८० को पहिलो त्रैमासिक समिक्षा सम्बन्धमा ।

२०७९।०८०-०४।०६ पचास प्रतिशत (५०%) अनुदानमा खायन आलु वितरण सम्बन्धमा।

२०७९।०८०-०४।०७ व्याक्हो लोडर मर्मत सम्बन्धमा ।

२०७९।०८०-०४।०८ मृगौला रोगवाट पिडीत व्यक्तिहरुले मृगौला प्रत्यारोपणको अवस्थामा रु १ लाख सहयोग प्रदान गर्ने ।

२०७९।०८०-०४।०९ बजेट रकामान्तर गर्ने सम्बन्धमा ।

२०७९।०८०-०४।१० विविध सम्बन्धमा:

क) औषधि उपचार सिफारिसको क्रममा स्वास्थ्य विमा अनिवार्य सम्बन्धमा

ख) विपद् व्यवस्थापन कोषबाट राहत वितरण गर्ने मापदण्ड निर्माण ।

ग) विविध विल भुक्तानी सम्बन्धमा ।

**<u>निर्णयहरुः</u>**

**<u>कार्यपालिका निर्णय नं २०७९।०८०-०४।०१</u>**

प्रस्ताव नं २०७९।०८०-०४।०१ माथी छलफल गर्दा १२३ औ गाउँ कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको अवस्थाको बारेमा छलफल एवं समिक्षा गरियो ।

**<u>कार्यपालिका निर्णय नं २०७९।०८०-०४।०२</u>**

प्रस्ताव नं २०७९।०८०-०४।०२ माथी छलफल गर्दा गण्डकी प्रदेश सरकारबाट स्विकृत कानून बमोजिम स्थानीय सेवामा कार्यरत योग्यता पुगेका कर्मचारीहरुको तहवृद्धी तथा तहमिलान गर्ने निर्णय गरियो ।

**<u>कार्यपालिका निर्णय नं २०७९।०८०-०४।०३</u>**

प्रस्ताव नं २०७९।०८०-०४।०३ माथी छलफल गर्दा रूपा गाउँपालिका कास्कीको अपाङ्गता भएका व्यक्तिहरुको परिचयपत्र वितरण गर्ने कार्यविधि, २०७९ स्विकृत गर्ने निर्णय गरियो ।

**<u>कार्यपालिका निर्णय नं २०७९।०८०-०४।०४</u>**



रुपा गाउँपालिका कास्की

प्रस्ताव नं २०७९।०८०-०४।०४ माथी छलफल गर्दा सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ३ को उपदफा ३ र ४ अनुसार निम्नानुसार सूचना वर्गीकरण गरिएको छ।

निम्नः

**प्रवाह गर्न नमिल्ने सूचना**

- नेपालको संवैधानिक निकाय महालेखा परीक्षकबाट अन्तिम लेखा परीक्षण भई प्रतिवेदन समेत जारी भएका आर्थिक क्रियाकलाप सम्बद्ध बिल, भरपाई तथा श्रेष्ता र उक्त कागजातका छाँयाप्रति। तर उक्त कागजातहरु कानुनी प्रकृयाको लागी आवश्यक परेमा प्रमाण सहित कार्यालयको सक्कल निवेदनका अधारमा उक्त सूचना प्रदान गर्न सकिने।
- अपराधको अनुसन्धान तहकिकात तथा अभियोगमा प्रत्यक्ष असर पार्ने ।
- आर्थिक, ब्यापारीक र मौद्रिक हित वा बौद्धिक सम्पत्तीको संरक्षण वा वैंकिङ वा व्यापारीक गोपनीयतामा गम्भिर आघात पार्ने सूचना ।
- बिभिन्न जातजाती तथा सम्प्रदायको सुसम्बन्ध खलल पार्ने खालका सूचना।
- व्यक्तिगत गोपनियता, जिउज्यान सम्पत्ती स्वास्थ्य वा सूरक्षामा खतरा पुर्याउने सूचनाहरु ।

  - **प्रवाह हुने सुचनाहरुः**

- स्थानीय तहको स्वरुप र प्रकृति
- स्थानीय तहको काम, कर्तव्य र अधिकार
- सेवा प्रवाह गर्ने बिषयगत शाखा, वडा कार्यालय तथा जिम्मेवार अधिकारी साथै शाखागत र वडागत प्रगती
- सेवा प्राप्त गर्ने दस्तुर र अवधि
- गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, सूचना अधिकारी, जनप्रतिनिधि तथा कर्मचारीहरुको नाम, पद र सम्पर्क नम्बर
- ऐन, नियम, विनियम, कार्यविधि र निर्देशिका
- आम्दानी, खर्च र आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण
- सेवा प्रवाह सम्बन्धी सूचनाको लागि गाउँपालिकाले गरेका कार्यहरुको विवरण
- नागरिक वडापत्र र यस सम्बन्धी विषय
- यस कार्यालयमा दर्ता भएका फर्म तथा संघ संस्थाको विवरण

रुपा गाउँपालिका कास्की

- कर तथा गैरकर र रोयल्टिको विवरण
- बार्षिक नीति, कार्यक्रम, बजेट, योजना तथा कार्यतालिका
- गाउँपालिकाको संम्क्षिप्त विवरण तथा जानकारी
- सुरुदेखि हालसम्मका सूचना अधिकारीको नाम र तत्काल निजहरुले प्रयोग गर्ने सम्पर्क नम्वर।
- सूचनाको हक सम्बन्धी विवरण।
- कार्यालयको वेभसाइट
- सञ्चालन गरेका कार्यक्रम र सोको प्रगती प्रतिवेदन
- सूचना माग सम्बन्धी बिवरण
- बिभिन्न कार्यक्रमबाट लाभान्वित हुने तथा भएका लाभग्राहीहरुको विवरण

  माथि उल्लिखित सूचना माग भएमा सम्बन्धित निवेदकले ऐन तथा नियमावलीमा व्यवस्था भए अनुसारको दस्तुर तिरी निवेदकको उपस्थितिमा रसिद पेश गरेमा मात्र सूचना उपलब्ध हुनेछ ।

**कार्यपालिका निर्णय नं २०७९।०८०-०४।०५**

प्रस्ताव नं २०७९।०८०-०४।०५ माथी छलफल गर्दा गाउँपालिकाको आर्थिक प्रशासन शाखा प्रमुखबाट पेश भएको आय व्ययको खर्च अनुमोदन गरी आर्थिक बर्ष २०७९।०८० को पहिलो त्रैमासिकमा अघिल्लो आर्थिक बर्षमा भुक्तानी बाँकी योजनाहरुको भुक्तानी सहितका कार्यक्रमहरुमा थत तिव्रता दिने निर्देशन सहित समिक्षा गरियो ।

**कार्यपालिका निर्णय नं २०७९।०८०-०४।०६**

प्रस्ताव नं २०७९।०८०-०४।०६ माथी छलफल गर्दा चालू आर्थिक बर्ष शसर्त अनुदान तर्फ स्विकृत ५० प्रतिशत अनुदानमा खायन वितरण कार्यक्रम कार्यान्वयनको लागी गाउँपालिकामा दर्ता भएका सहकारी तथा कृषक समूहहरुसँग प्रस्ताव माग गरी सोमार्फत कार्यान्वयन गर्ने गराउने तथा सो को अनुगमन तथा निरिक्षण कृषि विकास शाखामार्फत हुने व्यवस्था मिलाउने निर्देशन गरियो ।

**कार्यपालिका निर्णय नं २०७९।०८०-०४।०७**

प्रस्ताव नं २०७९।०८०-०४।०७ माथी छलफल गर्दा रूपा गाउँपालिका कास्कीको नाममा रहेको ग १ ग २२६ नम्बरको व्याक हो लोडर मर्मतको लागी कोटेशन प्राप्त भएकोमा चार हजार घण्टा नियमित सञ्चालनमा आएपश्चातको नियमित मर्मत सम्भार बापत

रुपा गाउँपालिका कास्की

रु १ लाख ९२ हजार ३ सय ४ रूपैया र चार वटा टायर फेर्नुपर्ने बापत रू २ लाख १६ हजार गरी जम्मा रु ४ लाख ८ हजार ३ सय ४ रूपैया बराबरको मर्मत आदेश स्विकृत गर्ने निर्णय गरियो ।

**कार्यपालिका निर्णय नं २०७९।०८०-०४।०८**

प्रस्ताव नं २०७९।०८०-०४।०८ माथी छलफल गर्दा मृगौला रोगबाट पिडित भइ मृगौला प्रत्यारोपण गर्नुपर्ने अवस्थाका रूपा गाउँपालिका स्थाइ ठेगाना भएका विरामीहरुलाइ जीवनभरमा एकपटकको लागी गाउँपालिकाको तर्फबाट रु १ लाख आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

**कार्यपालिका निर्णय नं २०७९।०८०-०४।०९**

प्रस्ताव नं २०७९।०८०-०४।०९ माथी छलफल गर्दा वडा समितिको निर्णय तथा वडा कार्यालयहरुको सिफारिसका आधारमा बजेट रकामान्तर सम्बन्धी पेश भएका र हुने योजनाहरु आगामी गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

**कार्यपालिका निर्णय नं २०७९।०८०-०४।१०**

प्रस्ताव नं २०७९।०८०-०४।१० माथी छलफल गर्दा निम्नानुसारको निर्णयहरु गरियो: निम्न:

क) गाउँपालिकाबाट हुने औषधी उपचार सिफारिसमा स्वास्थ्य बीमा अनिवार्य गर्ने ।
ख) विपद् व्यवस्थापन कोषबाट राहत वितरणको लागी मापदण्ड निर्माण गर्ने ।
ग) गाउँपालिका अध्यक्षस्तरीय निर्णयका आधारमा प्रदान गरिने आर्थिक सहायतामा विविध विल अनिवार्य गर्ने ।

मिति २०७९ कार्तिक ६ गते आइतबार बसेको १२४ औ गाउँ कार्यपालिका बैठकले उपर उल्लिखत निर्णय गरेको व्यहोरा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४, उपदफा २ खण्ड (क), (ज) बमोजिम प्रमाणित गर्दछु।

.. ... .... ... ...
(सन्तोष ढुङ्गाना)
प्रमुख प्रशासकीय अधिकृत
रुपा गाउँपालिका कास्की

गाउँपालिका कास्की